# प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी अध्यादेश, २०७९

आन्तरिक मामिला
बागमती प्रदेश

## बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल।

# प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी अध्यादेश, २०७९

<u>जारी र प्रकाशन मिति</u>

२०७९।०६।३०

संवत् २०७९ सालको अध्यादेश नं. ४

**<u>प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश</u>**

**<u>प्रस्तावनाः</u>** हस्तकलालाई अर्थतन्त्रको प्रमुख क्षेत्रको रूपमा विकसित गरी स्वदेशी पूँजी, स्थानीय सीप तथा कला र स्रोतको अधिकतम परिचालन गराई स्वदेशमा निर्मित हस्तकला सामग्रीहरुको पहिचानलाई विश्व बजारमा स्थापित गर्न, छरिएर रहेका लघु तथा घरेलु हस्तकला उद्योगहरुलाई एकीकृत गरी उत्पादन र हस्तकला उद्योगहरुको उत्पादकत्व अभिवृद्धि गर्न बागमती प्रदेश भित्र हस्तकलाग्राम स्थापना र सञ्चालन सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी अध्यादेश, २०७९" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "हस्तकलाग्राम" भन्नाले प्रचलित प्रादेशिक कानून बमोजिम हस्तकला सामग्री उत्पादनमा संलग्न उद्योग व्यवसायहरुको स्थापना तथा एकीकृत व्यवस्थापनको लागि आवश्यक न्यूनतम सामान्य सुविधा तथा पूर्वाधार सहित प्रदेशभित्र हस्तकला उत्पादनको दृष्टिकोणबाट महत्व राख्ने कुनै विशेष स्थान वा विशेष सामान उत्पादन गर्नलाई बागमती प्रदेश सरकारबाट घोषणा भएको क्षेत्र सम्झनु पर्छ।

(ख) "लघु उद्यम" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ग) "घरेलु उद्योग" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(घ) "हस्तकला उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भई हस्तकलाग्राम भित्र स्थापना तथा सञ्चालन हुने उद्योगलाई सम्भmनु पर्छ।

(ङ) "सामान्य सुविधा" भन्नाले हस्तकलाग्राम भित्रका उद्योग तथा निकायहरुले सामूहिक रुपमा प्रयोग गर्ने सुविधा सम्झनु पर्छ।

(च) "समिति" भन्नाले संचालक समिति सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले हस्तकला परिषद्, बाग्मती प्रदेश सम्झनु पर्छ।

(ज) "पूर्वाधार सुविधा" भन्नाले हस्तकलाग्राम स्थापना, विकास, सञ्चालन र संरक्षण तथा सम्वर्द्धन गर्ने



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आवश्यक सडक, पानी, ढल, विद्युत प्रसारण लाइन आदि जस्ता सुविधा सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "विशेष वस्तु उत्पादन क्षेत्र" भन्नाले एकै प्रकृतिको वस्तु उत्पादन गर्ने उद्योगहरु मात्र रहने गरी स्थापना भएको हस्तकलाग्राम भित्रको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद- २

## हस्तकलाग्रामको वर्गीकरण, घोषणा तथा स्थापना सम्बन्धी व्यवस्था

३. **हस्तकला ग्रामको वर्गीकरणः** (१) यस अध्यादेशको प्रयोजनको लागि हस्तकलाग्रामलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) हस्तकला उत्पादनको दृष्टिकोणबाट विशेष महत्व राख्ने कुनै स्थान,

(ख) विशेष वस्तु उत्पादन क्षेत्र।

(२) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकारको सहभागिता हुने गरी तोकिए बमोजिमको एउटा संचालक समिति रहनेछ। सो संचालक समितिको काम, कर्तव्य तथा अधिकार, सदस्य संख्या तथा बैठक सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

४. **हस्तकलाग्राम घोषणा गर्न सक्नेः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्र दफा ३ बमोजिम कुनै स्थान वा भागलाई तोकिए बमोजिमको मापदण्डको अधीनमा रही हस्तकलाग्राम घोषणा गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम घोषित ग्रामलाई आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ।

५. **हस्तकलाग्रामको लागि मापदण्ड निर्धारणः** दफा ३ को उपदफा (१) मा उल्लेखित हस्तकलाग्रामको लागि जग्गा छनोट, जग्गाको उपयोग, पूर्वाधार निर्माण तथा उद्योग दर्ताका न्यूनतम मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## हस्तकला परिषद् तथा कार्यकारणी समितिको गठन, काम, कर्तव्य र अधिकार

६. **हस्तकला परिषद् सम्बन्धी व्यवस्थाः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम प्रदेश भित्रका समग्र हस्तकला क्षेत्र तथा हस्तकला ग्राम विकास तथा प्रवर्द्धन सम्बन्धी विषयमा प्रदेश सरकारलाई नीतिगत तथा कार्यगत सुझाव सल्लाह तथा परामर्श दिनका लागि देहायका अध्यक्ष र सदस्य रहेको हस्तकला परिषद्, बागमती प्रदेश गठन हुनेछः-

(क) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, संस्कृति तथा पर्यटन मन्त्रालय -सदस्य

(ङ) सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(छ) हस्तकलाको क्षेत्रमा निजि क्षेत्रको संगठित राष्ट्रिय र प्रदेश स्तरीय संस्थाको प्रतिनिधि दुई जना -सदस्य

(ज) विज्ञहरू मध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(झ) प्रदेश भित्रका स्थानीय तहको प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष मध्येबाट दुई जना -सदस्य

(ञ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य सचिब

(२) उपदफा (१) को खण्ड (छ), (ज) र (झ) बमोजिमको सदस्य मन्त्रालयले मनोनयन गर्नेछ।

(३) उपदफा (२) अनुसार मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

७. **<u>परिषद्को काम कर्तव्य र अधिकारः</u>** परिषद्को प्रदेश भित्रका समग्र हस्तकला क्षेत्रको विकास तथा हस्तकला ग्राम विकास तथा प्रवर्द्धन सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हस्तकला उत्पादनको क्षेत्रमा उद्योग व्यवसाय स्थापनाको लागि प्रोत्साहित गर्न हस्तकलाग्राम विकास, विस्तार तथा प्रवर्धन सम्बन्धी नीति निर्माण गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश भित्र हस्तकलाग्राम स्थापना गर्न सकिने क्षेत्र तथा स्थानहरुको पहिचान गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) स्थानीय सरकार तथा निजी क्षेत्रबाट हस्तकलाग्राम स्थापना गर्न दिएको प्रस्ताव अध्ययन गरी मन्त्रालयमा सिफारिस गर्ने,

(घ) हस्तकलाका सामानहरु प्रयोग विस्तार सम्बन्धी नीति अवलम्बन गर्ने गराउने,

(ङ) हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार गर्ने गराउने,

(च) हस्तकलाका विधालाई शैक्षिक स्तरमा विकास गरी पाठ्यक्रम निर्माण गरी अध्यापन गर्न पहल गर्ने।

८. **<u>परिषद्को बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को वैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ र विशेष अवस्था सिर्जना भई कार्यकारणी समितिले सिफारिश गरेको अवस्थामा अध्यक्षले सदस्य-सचिवसँग परामर्श गरी जहिलेसुकै बैठक बोलाउन सक्नेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) बैठक बस्ने कम्तीमा चौबिस घन्टा अघि परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सवै सदस्यलाई दिनु पर्नेछ। परिषद्ले आफ्नो वैठकमा भाग लिन हस्तकला विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) परिषद्मा कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकमा सामान्यतः सर्वसम्मतिबाट निर्णय गर्नु पर्नेछ र सर्वसम्मति कायम हुन नसकेमा बहुमतको आधारमा निर्णय हुनेछ। मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **कार्यकारणी समितिको गठनः** (१) परिषद्को अध्यक्षले देहाय बमोजिम कार्यकारणी समिति गठन गर्न सक्नेछः-

(क) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -अध्यक्ष

(ख) मन्त्रालयको प्रतिनिधि -सदस्य

(ग) संस्कृति तथा पर्यटन मन्त्रालयको प्रतिनिधि -सदस्य

(घ) श्रम, रोजगार तथा यातायात मन्त्रालयको प्रतिनिधि -सदस्य

(ङ) वस्तुगत संघबाट फरक फरक वस्तुको प्रतिनिधित्व हुने गरी तीन जना -सदस्य

(२) कार्यकारणी समितिमा रहने सदस्यको मनोनयन तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकारः** दफा ९ बमोजिमको कार्यकारणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) परिषद्मा छलफल गराई निर्णय गराउनु पर्ने विषयमा प्रारम्भिक छलफल गराउने र परिषद्को बैठकमा पेश गराउने,

(ग) हस्तकलाग्राम स्थापना सम्बन्धमा पेश भएको प्रस्तावलाई प्रारम्भिक छलफल गरी परिषद्को बैठकमा पेश गर्ने गराउने,

(घ) परिषद्ले तोकेको अन्य काम गर्ने गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ४

## स्थान छनोट र हस्तकलाग्राम घोषणा सम्बन्धी व्यवस्था

११. **स्थान छनोट तथा घोषणाः** (१) परिषद्ले आफ्नै पहलमा वा स्थानीय तह वा निजी क्षेत्रले हस्तकलाग्राम स्थापनाको लागि कुनै प्रस्ताव पेश गरेमा सो प्रस्तावलाई कार्यकारणी समिति मार्फत प्रारम्भिक छलफल गराई सो प्रस्ताव अनुसारको हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न सकिने अवस्था विद्यमान रहेमा परिषद्को बैठकबाट पारित गरी हस्तकलाग्राम घोषणाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) दफा ३ को उपदफा (१) मा उल्लेखित वर्गीकरण अनुसार यस दफाको उपदफा (१) बमोजिम घोषणा गरिएको हस्तकलाग्राम स्थापनाको लागि स्थान छनौट, सम्भाव्यता अध्ययन, जग्गाको लगत तथा सञ्चालन व्यवस्थापन विधि तयार गर्ने कार्यको साथै अन्य आवश्यक कार्य गर्न परिषद्ले मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद- ५

## हस्तकलाग्रामको स्थापना, निर्माण तथा विकास

१२. **हस्तकलाग्रामको स्थापना र विकासका लागि समझदारी कायम गर्न सकिनेः** (१) हस्तकलाग्राम घोषणा पश्चात दफा ११ को उपदफा (२) बमोजिम सबै प्रारम्भिक कार्य सम्बन्धित संचालक समितिले सम्पन्न गरी कार्यकारणी समितिको समन्वयमा परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा परिषद्ले समितिलाई दिएको आवश्यक निर्देशनको आधारमा समितिले कार्य अगाडी बढाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) हस्तकला ग्राम क्षेत्रमा तयार गर्नुपर्ने योजना, निर्माण गर्नुपर्ने पूर्वाधार, गर्नुपर्ने लगानी, उपलब्ध गर्नु पर्ने प्राविधिक सहयोग, जनशक्ति विकासको काम तथा हस्तकला ग्रामको सञ्चालन तथा व्यवस्थापनमा सहयोग र सहकार्यको आवश्यक देखिएमा प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रका हस्तकला उद्योगी व्यवसायीहरुका प्रतिनिधिमूलक संस्था तथा अन्य निकायसँग छलफल गरी आवश्यक समझदारी कायम गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१३. **<u>हस्तकलाग्रामको निर्माण तथा विकासः</u>** (१) प्रदेश सरकारबाट वर्गीकरण अनुसार जुन स्तरको हस्तकलाग्राम घोषणा भएको हो सोही स्तरको स्थानीय तहले कार्यकारिणी समितिसमक्ष पेश गरी उक्त प्रतिवेदनको आधारमा अध्यक्षसँग समन्वय गरी हस्तकला ग्रामको निर्माण तथा विकास कार्य गर्नेछ।

(२) सम्बन्धित स्थानीय तहबाट हस्तकला ग्रामको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकास कार्य गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम तयार गर्नु पर्ने हस्तकला ग्रामको निर्माण तथा विकासको पूर्व तयारीमा लाग्ने खर्च स्थानीय तहको समन्वयमा वस्तुगत संघ तथा उद्यमीहरुको सहयोगमा संघ संस्था तथा स्थानीय तथा प्रदेशबाट व्यवस्थापन गर्नु पर्नेछ।

१४. **<u>हस्तकलाग्राम निर्माण तथा विकासमा लागत सहभागिताः</u>** (१) दफा १३ बमोजिम हस्तकला ग्रामको निर्माण तथा विकासका लागि आवश्यक पर्ने लागतमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा निजी क्षेत्रका उद्यमीको सहभागिता हुन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) हस्तकला ग्राम विकास र निर्माणका लागि प्रदेश सरकारले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ।

(३) मन्त्रालयले वर्गीकरण अनुसार घोषणा गरेको कुनै स्तरको हस्तकला ग्रामको स्थापनाको लागि सम्बन्धित स्थानीय तहलाई तोकिए बमोजिम रकम उपलब्ध गराउनेछ।

(४) उपदफा (२) बमोजिम उपलब्ध गराइने रकम बाहेक हस्तकलाग्राम स्थापना, विकास र निर्माण गर्ने क्रममा अपुग हुने अन्य रकमको व्यवस्थापन सम्बन्धित तह आफैंले गर्नु पर्नेछ।

**१५.** **निजी क्षेत्रले हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेः** (१) निजी क्षेत्रका हस्तकला उद्योगी व्यवसायीहरुको प्रतिनिधिमूलक संस्थाले परिषद्बाट तोकिए बमोजिम प्रस्ताव पारित गराई सम्बन्धित स्थानीय तहको समन्वयमा यस अध्यादेशको अधीनमा रही हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रको लगानीमा निर्माण तथा विकास भएको हस्तकलाग्रामलाई सम्बन्धित स्थानीय तहले यस अध्यादेश तथा अन्य कार्यविधिमा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

**१६.** **हस्तकलाग्राम विकास निर्माण गर्ने तरिकाः** (१) देहायका कुनै तरिकाबाट हस्तकलाग्रामको विकास र निर्माण गर्न सकिनेछः-

(क) हस्तकला ग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माण तथा सञ्चालन व्यवस्थापनका कार्य प्रदेश सरकार र स्थानीय तहले संयुक्त रुपमा गर्ने गरी,

(ख) विकास, निर्माण तथा व्यवस्थापनका कार्य स्थानीय तह आफैंले गर्ने गरी,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) स्थानीय तह र निजी क्षेत्रले संयुक्तरुपमा विकास, निर्माण तथा व्यवस्थापन गर्ने गरी,

(घ) निजी क्षेत्रको लगानीकर्ता आफैंले जग्गा व्यवस्था गरी विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन समेत आफैंले गर्ने गरी हस्तकलाग्राम स्थापना गर्न चाहेमा प्रदेश सरकारले परिषद्को सिफारिसमा स्थानीय तहसंगको समन्वयमा तोकिए बमोजिमको मापदण्ड पालना गर्ने गरी निश्चित शर्त र प्रक्रियाका आधारमा निजी क्षेत्रलाई अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट स्थापना हुने हस्तकलाग्राममा प्रदेश सरकार वा स्थानीय सरकारले तोकिए बमोजिमको आवश्यक सेवा सुविधा प्रदान गर्न सक्नेछ।

(३) संयुक्त सहभागिता तरिकाबाट हस्तकलाग्राम विकास गर्दा निम्न वैकल्पिक तरिकाहरुमध्ये एउटा उपयुक्त तरिका छनोट गर्न सक्नेछः-

(क) स्थानीय तहले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह र निजीक्षेत्र दुबैबाट विकासमा संयुक्त लगानी गरेर,

(ग) लागत सहभागिताको अनुपातमा प्रतिफल वितरणको व्यवस्था गरेर,

(घ) अन्य उपयुक्त तरिका अवलम्बन गरेर।

(४) स्थानीय तहले निजी क्षेत्रको संयुक्त सहभागितामा हस्तकलाग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका विषयवस्तुको विवरण खुलाउनु पर्नेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) हस्तकलाग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा,

(ख) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) हस्तकलाग्रामको विकासका लागि स्थानीय तह र निजी क्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंशदर,

(घ) स्थानीय तह र निजी क्षेत्रबीच हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनबाट हुने आयको बाँडफाँडको दर,

(ङ) हस्तकलाग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र अनुमानित उद्योगको संख्या,

(च) हस्तकलाग्रामको सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) अन्य आवश्यक विवरण।

(५) स्थानीय तहले आफैंले वा निजी क्षेत्रसँग सहकार्य गरी उत्पादनको दृष्टिकोणबाट विशेष महत्वको स्थान वा विशेष वस्तु उत्पादन सम्बन्धी हस्तकलाग्रामको तुलनात्मक लाभको आधारमा कुनै विशेष प्रकारको हस्तकला सामग्री मात्र उत्पादन हुने हस्तकलाग्राम वा उत्पादनको दृष्टिकोणबाट विशेष महत्व राख्ने स्थानमा तोकिए बमोजिम हस्तकलाग्राम स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(६) उपदफा (५) को अतिरिक्त निजी क्षेत्रले आफ्नै लगानी र स्वामित्वमा विशेष प्रकारको हस्तकला सामग्री उत्पादन सम्बन्धी हस्तकलाग्राम स्थापना गर्न चाहेमा सो सम्बन्धी प्रस्ताव तोकिए बमोजिम परिषद्बाट पारित गराई स्थानीय तहसँगको समन्वयमा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तोकिए बमोजिमको मापदण्ड भित्र रही हस्तकलाग्राम सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

**१७. हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनः** (१) हस्तकलाग्रामको सञ्चालन तथा व्यवस्थान गर्ने जिम्मेवारी मन्त्रालयले परिषद्को सिफारिसमा गठन गरिदिएको सञ्चालक समितिले गर्नेछ।

(२) समितिले हस्तकलाग्राम भित्र उद्योग स्थापनाका लागि छुटयाइएको ब्लक प्राथमिकताका आधारमा उद्योग स्थापना गर्न लिजमा उपलब्ध गराउनेछ।

(३) लिज भाडा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) हस्तकलाग्राम भित्र स्थापना हुने उद्योगका लागि उपलब्ध हुने सेवा, सुविधा र छुट प्रचलित प्रादेशिक ऐन, नियम बमोजिम प्रदेश सरकारसँगको समन्वयमा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउन सक्नेछ।

(५) हस्तकलाग्राम भित्र स्थापना हुने उद्योगलाई आवश्यक पर्ने जनशक्ति वा कामदार आपूर्ति गर्दा उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहका जनशक्ति वा कामदारलाई प्राथमिकता दिनु पर्नेछ।

तर प्रतिस्पर्धाबाट छनौट गर्नुपर्ने दक्ष कामदारको आपूर्ति गर्दा जुनसुकै नेपाली नागरिक सहभागि हुन सक्नेछ।

(६) हस्तकलाग्राम भित्र स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र पूँजीमा आधारित उद्योगलाई प्राथमिकता दिनुपर्नेछ।

(७) हस्तकलाग्राम भित्र उद्योग सञ्चालन गर्न प्रचलित ऐन कानून बमोजिम सम्बन्धित निकायमा दर्ता गरी सम्बन्धित स्थानीय तहको सिफारिस लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) हस्तकलाग्रामको सञ्चालन सार्वजनिक निजी साझेदारीको आधारमा सञ्चालन गर्न सकिनेछ।

१८. **<u>हस्तकलाग्राम भित्र स्थापना हुने उद्योगको प्राथमिकता:</u>** (१) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम उद्योगको वर्गीकरणमा परेको हस्तकला सामान उत्पादनमा संलग्न लघु उद्यम तथा घरेलु उद्योग मात्र हस्तकलाग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ।

(२) हस्तकला ग्राम भित्र उद्योग स्थापनाका लागि सामान्यतः देहायका आधारमा प्राथमिकता दिइनेछः

(क) <u>लघु तथा घरेलु उद्योगः</u>

(१) हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान,

(२) परम्परागत कलामा आधारित वस्तु,

(३) परम्परागत मूर्तिकला,

(४) तामा, पित्तल, ढलोट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

(५) फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

(६) सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु,

(७) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

(९) पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरु),

(१०) पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

(११) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

(१२) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

(१३) काठ, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा।

## परिच्छेद- ६

## हस्तकला उद्योगलाई उपलब्ध गराउने सेवा तथा सुविधा सम्बन्धी व्यवस्था

१९. **जग्गा भाडा दरमा छुटः** हस्तकलाग्राममा सञ्चालन हुने उद्योगलाई प्रचलित कनूनको अधीनमा रही सम्बन्धित स्थानीय तहको सिफारिसमा परिषद्ले जग्गा भाडा दरमा तोकिए बमोजिमको छुट दिन सक्नेछ।

२०. **उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियतः** (१) औद्योगिक व्यवसायसम्बन्धी प्रचलित संघीय तथा प्रादेशिक कानूनले प्रदान गरेका आयकर, मूल्य अभिवृद्धि कर र भन्सार सम्बन्धी छुट, सुविधा वा सहुलियत, लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत तथा महिला उद्यमीका लागि थप सुविधा प्रदान गर्न प्रदेश तथा नेपाल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सरकारले गर्ने विशेष व्यवस्था हस्तकलाग्राममा स्थापना हुने उद्योगले समेत प्राप्त गर्न सक्ने गरी परिषद्ले सिफारिस गर्न सक्नेछ। तर यसरी सिफारिस गर्दा दोहोरो सुविधा पाइने गरी सिफारिस गर्न पाइने छैन।

(२) प्रदेश सरकार तथा स्थानीय तहले प्रचलित कानून बमोजिम आफ्नो क्षेत्राधिकार भित्र पर्ने करका सम्बन्धमा प्रदेश तथा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी हस्तकलाग्राम भित्र सञ्चालन हुने विशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ।

२१. **करार गरी उत्पादन गर्न सक्नेः** ग्राममा स्थापना भएको कुनै उद्योगले प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानसँग आपसमा करार गरी वस्तुको उत्पादन वा सेवा प्रवाह गर्न सक्नेछन्।

## परिच्छेद- ७

## विविध

२२. **वातावरण परीक्षण सम्बन्धी व्यवस्थाः** (१) हस्तकलाग्राम स्थापना तथा विकास गर्न वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम गर्नु पर्ने संक्षिप्त वातावरणीय अध्ययन प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र परिषद्ले स्वीकृत गरी हस्तकलाग्राम स्थापना तथा विकासको कार्य प्रारम्भ गर्नुपर्नेछ।

(२) हस्तकलाग्राम स्थापना तथा विकास गर्न गरिएको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पूर्व प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनलाई सिमित गरेको मानिने छैन।

२३. **<u>भाडामा लिएको जग्गा प्रयोग गर्नुपर्ने:</u>** (१) उद्योग सञ्चालनका लागि सम्झौता भएको दुई वर्षभित्र भाडामा लिएको जग्गा पूर्णतः प्रयोगमा ल्याउनु पर्नेछ। त्यसरी प्रयोगमा ल्याउन नसके जग्गा सम्बन्धित संचालक समितिले पुनः अर्को औद्योगिक प्रयोजनार्थ उपयोगमा ल्याउन सक्नेछ।

(२) हस्तकलाग्राम भित्रका प्लटलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्न सक्नेछ।

(३) हस्तकलाग्राम भित्रका प्लटलाई उद्यमीले खण्डिकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई उद्योग सञ्चालन गर्न दिन सक्ने छैन।

(४) सम्बन्धित उद्योगले भाडामा दिएको जग्गा शर्त बमोजिम प्रयोगमा नल्याएमा वा उल्लघंन गरेमा संचालक समितिले तोकिए बमोजिम कारवाही गर्न सक्नेछ।

२४. **<u>पुनः भाडामा दिन नहुने:</u>** (१) सम्झौता अनुसार जग्गा भवन भाडामा लिएकोमा त्यस्तो उद्योगीले आफूले भाडामा लिएको जग्गा अन्य कसैलाई पुनः भाडामा दिन सक्ने छैन।

(२) उपदफा (१) विपरित पुनः भाडामा दिएको पाइएमा उद्योगलाई गल्ती सुधार गर्न सात दिनको समय दिइनेछ। सो समयभित्र पनि सुधार नगरेमा सम्झौता रद्द गरी हस्तकलाग्रामबाट त्यस्तो उद्योगलाई हटाइनेछ।

२५. **<u>गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था:</u>** (१) गुनासो व्यवस्थापनका लागि सम्बन्धित संचालक समितिले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई दिने व्यवस्था गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त हुन आएमा सम्बन्धित समितिले तोकिएको समयसिमा भित्र आवश्यक कारबाही गरी सक्नु पर्नेछ।

२६. **<u>विद्युतीय माध्यमको प्रयोगः</u>** हस्तकलाग्रामको व्यवस्थापन प्रकृयालाई सरल र पारदर्शी गराउन क्रमिक रुपमा प्रशासनिक प्रणालीलाई अटोमेसन र अनलाइन पद्धति मार्फत विकास गरिनेछ।

२७. **<u>श्रम व्यवस्थापनः</u>** हस्तकलाग्राम भित्र सञ्चालनमा रहने उद्योगहरुमा अनावश्यक श्रम विवाद आउन नदिन तथा श्रम विवाद रहित वातावरणमा आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्न सकिने गरी प्रदेश सरकारले श्रम ऐन बनाइ हस्तकलाग्राममा संचालित उद्योगहरुको हकमा विशेष व्यवस्था लागू गर्न सक्नेछ।

२८. **<u>नियम बनाउने अधिकारः</u>** यस अध्यादेशलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

२९. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u>** प्रदेश सरकारले यस अध्यादेश बमोजिम हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश